## २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस सम्वन्धी आयोजित कार्यम्रम समपन्नसम्बन्धमा जारि गरिएको प्रेस नोट

मिति : २०८१/०८/२० गते का दिन २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस। नारा : "विविध स्वास्थ्य कियाकलापहरुमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भुमिका, स्वस्थ समाज निर्माणमा सहभागिता " भन्ने नाराका साथ, २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाइयो ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले सामुदायिक स्वास्थ्य क्षेत्रमा गरेको कामको सम्मान स्वरुप र उनिहरुको मनोबललाई कायम राख्नका लागि प्रत्येक बर्ष डिसेम्बर ५ को दिन राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस मनाउँदै आईरहेको छ ।

हाम्रो देशको मातृ मृत्युदर उल्लेखनीय रुपमा घटाउन नसकिरहेको अवस्थामा आमाहरुको मृत्यु सबैभन्दा धैरै सुत्केरी अवस्थामा भएको हुनाले सूत्केरी अवस्थामा आमाहरुको स्वास्थ्य जाँच गरी जटिलताहरु पहिचान गरी सो को ब्यवस्थापन गरी आमा र बच्चा को मृत्यु हुन बाट जोगाउन यस भीमफेदी गाउँपालीकामा संस्थागत प्रसुती सेवा प्रभावकारी वनाउँदै लैजानु परेको छ । प्रसुति घरमै गराउने प्रचलन यस गाउँपालिका दुर्गम क्षेत्रमा वढि रहेको देखिन्छ । घरमा परम्परागत तरिकावाट प्रसुति गराउँदा आमा र वच्चाको दुवैको ज्यान जोखिममा हुन जान्छ । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य निति २०७६ मा पनि सुत्केरी आमा र वच्चा दुवैको घरमा प्रसुति सेवा उपलब्ध गराँउदा हुन सक्ने जोखिम न्यूनिकरण गर्नु रहेको छ। भीमफेदी गाउँपालीकाले पनि गाउँपालिका भरिका गर्भवति महिला स्वास्थ्य संस्थामा प्रसुति हुन पुऱ्याउने उदेश्य सहित Zero Home Delivery को नीति अवलम्वन गरेको छ । यसरी उक्त कार्यकम सफल वनाउनको लागि गाउँपालिकाले विभिन्न कार्यकम गर्दै आएको छ । गाउँपालिकाले प्रसुति सेवा प्रभावकारी वनाउनको लागि प्रसुति सेवा उपलब्ध गराउने संस्था, सो सस्थामा कार्यरत सेवा प्रदायक, प्रसुति सेवा लिन जाने गर्भवति महिला प्रसुति लिन जानुपर्दछ भनि गर्भवति महिलालाई उत्प्रेरित गर्ने राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका र सम्वन्धित घरपरिवार सवैको महत्वपूर्ण भुमिका रहने गर्दछ ।

त्यसैले, सुरक्षित प्रसुति सेवा स्वास्थ्य संस्थामा नै गई लिनुपर्दछ भन्ने धारणाको विकास गर्भवति महिलालाई महशुस गराउनु पर्ने भएको छ । राष्ट्रिय महिला सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकालाई पनि गर्भवति महिलालाई स्वास्थ्य संस्थासम्म पुऱ्याउन लागि पर्नु पर्दछ भन्ने भावनाको विकास गराउनु पर्ने देखिन्छ ।

नेपाल स्वास्थ्य क्षेत्रको सहस्राब्दी विकास लक्ष्यमा गरेको प्रगतिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविको भूमिका उल्लेखनीय रहेको छ । जनताको स्वास्थ्य स्थितिमा देखिएको कमिक सुधार मुख्यत : मातृ मृत्युदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सकिय भूमिकालाई नेपाल सरकारले उच्च मूल्याङ्कन गरेको छ । दिगो विकास लक्ष्य हासिल गर्नका लागि स्वास्थ्यको क्षेत्रमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविको भूमिका स्पष्ट देखिन्छ । त्यस्तै गरी काजाकस्तानको अस्तानामा

puska

CS Scanned with CamScanner

सन् २०१८ मा प्राथमिक स्वास्थ्य सेवासम्बन्धी विश्वव्यापी सम्मेलनले विशेष गरी गरिव तथा सिमान्तकृत समुदाय लगायतको स्वास्थ्यमा सर्वव्यापी पहुँचका लागि समुदायको सहभागिता तथा उनीहरुको अपनत्व हुनुपर्ने कुरालाई जोड दिएकोले नेपालमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविको भूमिका अझै पनि महत्वपूर्ण रहेको देखाउँछ ।

राष्ट्रिय स्वास्थ्य क्षेत्र सुधार कार्यान्वयन योजनाले सङ्गठित र सुव्यवस्थित स्वास्थ्य क्षेत्रवाट उपलब्ध गराइने अत्यावश्यक स्वास्थ्यसेवामा उपयोगिता वृद्धि गरी नेपाली जनताको स्वास्थ्य स्तरमा सुधार ल्याउने प्रतिबद्वता कायम राखेको छ । यसका लागि समुदायमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका एक आधारभूत स्तम्भको रुपमा लिएको छ ।उपलव्ध स्वास्थ्य सेवाको उपयोग दरमा उल्लेख्य रुपमा वृद्धि हुन नसकेको सन्दर्भमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविको भूमिकालाई नयाँ सम्भावनाको रुपमा विकसित र कियाशील गराउन उपयोगी हुने देखिन्छ । आधारभूत स्वास्थ्य सेवाको प्याकेजअनुसारको सेवाको सर्वव्यापी पहुँच अभिवृद्धि गर्नका लागि पनि समुदायमा स्वास्थ्य संस्था र समुदायको बीचमा बसेर काम गर्ने, स्वास्थ्य जनचेतना जगाउने तथा स्वास्थ्य अभियानमा लाग्ने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविको भूमिका अपरिहार्य छ । (यस रणनीतिमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका भन्नाले स्थानीय स्वास्थ्य आमा समुहद्वारा छनोट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवी भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठ्यक्रमअनुसार तालिम प्राप्त गरी स्थानीय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुर्‍याउने स्वयंसेवी महिलालाई जनाउँछ ।


यस कार्यक्रम सामाजिक विकास समिति अध्यक्ष श्री प्रकाश पुडासैनी ज्युको अध्यक्षता सम्मपन्न गरियो । प्रमुख अतिथि : भीमफेदी गाउँपालिका अध्यक्ष श्री हिदम लामा ज्युले आफ्नो मनतब्य राख्नु भयो उक्त कार्यक्रम मा विशिष्ट अतिथि :भीमफेदी गाउँपालिका उपाध्यक्ष श्री संजीव श्रेष्ठ ज्युले पनि आफ्नो मनतब्य राख्नु भयो ।

त्यसैगरी अतिथिहरु : भीमफेदी प्राथमिक स्वास्थ्य केन्दका डा. श्री प्रवीण पाठक ज्यु, भीमफेदी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत श्री जीवन कुँवर ज्यु, भीमफेदी गाउँपालिका योजना शाखा प्रमुख श्री वद्री सापकोटा ज्यु र भीमफेदी गाउँपालिकाका सहायक लेखा अधिकृत श्री तोयानाथ तिवारी ज्यु, उहाहरुले पनि आफ्नो मनतब्य राख्नु भयो ,कार्यक्रम सञ्चालन : स्वास्थ्य शाखा प्रमुख श्री रामनाम थिं ज्युले गर्नु भयो भने कार्यक्रम संयोजन र राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम बारे प्रकाश पार्न : स्वास्थ्य शाखाका अस्पताल नसिङ्ग निरिक्षक श्री पुष्प रेखा कर्ण ज्युले प्रकाश पार्नु भयो । रैविज भ्याक्सिन वारे छोटो परिचय डा.सरोज ओझा ज्युले दिनु भयो । श्री हिदम लामा ज्यु, श्री संजीव श्रेष्ठ ज्यु र श्री जीवन कुँवर ज्यु द्वारा पालिका भरिका ४८ जना राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाइ प्रशंसा पत्र प्रदान गरीयो र त्यस मध्ये प्रत्येक वडाका १ जना गरी जम्मा ९ जना लाई उतकृष्ट राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाइ प्रशंसा पत्र र जनही रकम रु. १५०० प्रोत्साहनका रुपमा प्रदान गरियो। उक्त कार्यक्रममा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य

Scanned with CamScanner

स्वयंसेविका मध्येबाट १ जनाले आफ्नो मनतव्य राख्नुभयो ।र समापन सामाजिक विकास समिति अध्यक्ष श्री प्रकाश पुडासैनी ज्युले गर्नु भयो ।





Scanned with CamScanner

Durke




२१ औं राष्ट्रिय महिला